यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०९/२०८२-०८३ मिति २०८३/०२/०३ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ।

<u>संवत् २०८३ साल जेठ ०३ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:</u>

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | योजना/ पूर्वाधार शाखा | मिति २०८३ कार्तिक १८ गतेको कार्यपालिका बैठकको निर्णयबाट मकरीगाड-खण्डेश्वरी सम्म जोड्ने सडक खण्डको भट्टार देखि गाउँपालिकाको केन्द्र सम्मको ट्र्याक खोल्ने काम उपभोक्ता समितिबाट गराउने निर्णय भएकोमा उक्त सडकको अधिकांश भागमा स्काभेटर/डोजर लगाएर मात्र निर्माण सम्भव हुने अवस्था देखिएकोले आजको बैठकमा छलफलका क्रममा प्रमुख प्रशासकीय अधिकृतबाट भारी मेसिन प्रयोग हुने, ठुलो धन राशीको निर्माण आयोजना उपभोक्ता समितिबाट गराउनु भन्दा पनि प्रचलित खरिद कानून बमोजिम प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गरी निर्माण गराउन उपयुक्त हुने राय पेश भएको भएतापनि गत आ.व. २०८१।८२ मा बोलपत्र आव्हान भई निर्माण सम्झौता हुन नसकि ठेक्का रद्ध गर्नु परेको, चालु आ.व. समाप्त हुन २ महिना मात्र बाँकी रहेको, सडक खण्डको अघिल्लो खण्ड निर्माण सकिने नसकिने अनिश्चितताकाबीच हाल काम सम्पन्न हुने चरणमा रहेको, बोलपत्र आव्हान गर्दा निर्माण कार्य सम्पन्न हुने निश्चितता नभएको, निर्माण हुने सडक खण्डमा स्थानीयहरुको जग्गा पर्ने भई निर्माणमा हुन सक्ने अवरोधबाट छुटकरा पाउनु पर्ने र पालिकाको केन्द्रसम्म सडक बाटो जोड्न आम जनसमुदाय तथा जनप्रतिनिधिहरुको प्रतिवद्धता समेत भएको हुँदा सडक खण्ड निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थिति भएकाले प्रमुख प्रशासकीय अधिकृतको रायलाई मध्यनजर गर्दै प्राविधिकहरुले पेश गर्ने राय प्रतिवेदनको आधारमा उपभोक्ता समितिबाट निर्माण हुने उक्त सडक आयोजनामा मेसिन आवश्यक परेको खण्डमा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को उपनियम (९) को प्रतिवन्धात्मक वाक्याँस बमोजिम मेशिन प्रयोग गरी काम गराउन समेत उपभोक्ता समितिलाई सहमति दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने निर्णय सर्वसम्मतिले पारित गरियो |
| | | यस गाउँपालिकाको आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, नागरिकको जीवनस्तर आम्दानी र रोजगार बढ्ने तथा स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गर्ने गरी प्रदेश सरकारका सम्बन्धित निकायसँग माग गर्ने। |
| | | यस गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० जारी भई कार्यान्वयनमा रहेको र उक्त कार्यविधिमा उपभोक्ता समिति दर्ता सम्बन्धी व्यवस्था नरहेकोले उक्त कार्यविधिको परिच्छेद ३ मा देहायको बुँदा थप गर्ने गरी कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | यस गाउँपालिकाको वडा नं.६ मज्जेमा रहेको बर्थिङ सेण्टर पछाडीको जमिन भत्किएर बर्थिङ सेण्टरलाई नै समस्या परेको हुँदा निर्मित सार्जनिक सम्पतिको मर्मत सम्भार खर्च शिर्षक नं.२२२३१ बाट बर्थिङ सेन्टरको पछाडिवाल निर्माणका लागि रु ७०००००। (अक्षरुपी सात लाख मात्र) रकम स्वीकृत गरि योजना कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/१२/२२ गतेको सार्वजनिक निकायमा २ दिने विदा दिने निर्यणयनुसार यस गाउपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा २ दिन शनिवार र आइतवार विदा हुँदै आएकोमा गाउँ पालिकाले १५ दिन विदा बैशाखमा दिइसकेको र हिउँदमा पनि सार्वजनिक विदा दिनुर्ने अवस्थामा पालिका भित्रको विद्यालयमा हप्तामा १ दिन शनिबार मात्रै बिदा गर्ने, मिति २०८३ जेठ १० गते देखि आइतवार पनि विद्यालय संचालन हुने गरी व्यवस्था मिलाउन शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन तथा स्वीकृति दिने। |
| ३ | प्रशासन शाखा | संगठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापण्ड, २०८२ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न दफा ७ को उपदफा (१) (इ) बमोजिम तपसिलका सदस्य रहने गरी संगठन तथा व्यवस्थापन परीक्षण समिति गठन गर्ने। र संगठन तथा व्यवस्थापन सर्वेक्षणको काम गर्न पूर्व स्वीकृति दिने। |
| ४. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ का लागि विनियोजित बार्षिक बजेट तथा कार्यक्रम अन्तरगतका आयोजना तथा कार्यक्रम कार्यालयबाट कार्यान्वयन गरी सम्पन्न भई भुक्तानी भैसकेका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी अनुमोदन गर्ने र काम सम्पन्न भई भुक्तानी बाँकी रहेका देहायका योजना तथा कार्यक्रमहरुको प्राविधिकहरुले पेश गर्ने मुल्याङ्कन अनुसार भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| | | यस गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को स्वीकृत वडा नं. ६ को वडागत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत पेरिस पारातेक्वान्दो ओलम्पिक खेलाडीलाई प्रोत्साहन खर्च शीर्षकमा विनियोजन भएको रु.१,००,०००।०० (अक्षरेपी एक लाख रुपैयाँ मात्र) परा तेक्वान्दो खेलाडी श्री भरत सिंह महतालाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र सम्मान गरेको कार्यक्रमको प्रतिवेदनको आधारमा निज भरत सिंह महतालाई निकासा तथा भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने।<br>दार्चुला जिल्लामा बसोबास गर्ने आदिवासी, जनजाति व्यासी सौका (रं) समाजको परम्परागत सिप संरक्षण र अभिवृद्धि क्षमता विकासका लागि बेन्ठुलु पहिरन तालिमका लागि प्राप्त भएको |

अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| | | प्रस्ताव अनुसार भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम खर्च शिर्षक नं.२२५२२ बाट व्याँसी सौका (रं) समाजलाई रु १५०००० । (अक्षरेपी एक लाख पचार हजार मात्र) रकम स्वीकृत गरि कार्यक्रम कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने । |
| ५. | स्वास्थ्य शाखा | यस गाउँपालिका कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा विविध कारणले रिक्त रहेका देहाय बमोजिमका पदमा अपिहिमाल गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०८० बमोजिम पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने । |
| ६. | जिन्सी शाखा | यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ नीति तथा कार्यक्रममा वडा नं.१ अन्तरगत विनियोजन भएको विद्यालय फर्निचर शिर्षकबाट विद्यालयको लागि ल्यापटप खरिद गर्ने, अन्य भनि विनियोजन भएको शिर्षकबाट प्रोजेक्टर खरिद गर्ने र वडा नं.४ अन्तरगत विनियोजित भएको डिजे, दराज, र्‍याक खरिद शिर्षकबाट उक्त सामाग्री खरिद गर्न रकम अपुग हुने भएकाले दिवस तथा समारोह शिर्षकको बजेटमा थप गरेर खरिद निर्माण गर्ने। |
| | | यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ नीति तथा कार्यक्रममा वडा नं. ३ अन्तरगत विनियोजन भएको दिवस तथा समारोह शिर्षकको रकमबाट कार्यालय हलको मञ्च निर्माण, साउण्ड सिस्टम, रोष्टर खरिद निर्माण गर्ने। |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल